# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः

चलानी नं.:

मितिः...............................

### विद्युतीय बोलपत्र नं स्वास्थ्य ६, ७, ८/०८०/०८१
### प्रथम पटक प्रकाशित मिति २०८०/०५/१८

आ.ब. २०८०/०८१ को बार्षिक कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतको अस्पतालको फार्मेसीबाट बिक्रीको लागि औषधी तथा सर्जिकल सामाग्रीहरु आपूर्ति गर्नुपर्ने भएकाले यो विद्युतीय बोलपत्र आह्वान गरिएको छ। विद्युतीय बोलपत्र एएःइ को वेबसाईट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्नेछ

१ विद्युतीय बोलपत्र दस्तुर रु ३००० (अक्षेरुपी तीन हजार रुपैया) प्रत्येक प्याकेजका लागि छुट्टा-छुट्टै फिर्ता नहुने गरी यस कार्यालयको NIC ASIA BANK भक्तपुर स्थित आन्तरीक राजश्व खाता नं. ग.१-१-००८२०५००४२१२०००३ मा दाखिला गरेको सक्कलै बैंक भौचर र धरौटी खाता नं. ग.३-००८२०५००४२१२००१७ मा छुट्टा छुट्टै प्याकेज अनुसारका औषधीहरु र सर्जिकल सामाग्रीको लागि दाखिला गरेको सक्कलै बैक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स बण्डमा परिवर्तन गर्न पाईने छैन।

२ विद्युतीय दरभाउपत्रदाताले दरभाउपत्र साथ फर्म दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी, औषधि तथा सर्जिकल सामान बिक्री गर्ने इजाजत पत्रको प्रतिलिपी, VAT/PAN दर्ताको प्रतिलिपी, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्र, आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणा गरेका कागजातहरु अपलोड गर्नुपर्नेछ।

३ बोलपत्र दाताले कबोल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ।

४ बोलपत्र दाताले उपलब्ध गराउने औषधिको Brand and Manufacturing company अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

५ नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त हुन आएको विद्युतीय बोलपत्र पूर्ण रुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ र खरिद गरिने सामाग्रीहरुको परिमाण फार्मेसीबाट बिक्रीका आधारमा थपघट हुन सक्ने छ। यसरी परिमाणमा थपघट भएता पनि विद्युतीय बोलपत्र कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ।

६ औषधी तथा सर्जिकल सामाग्रीको अलग अलग दर रेट पेश गर्नुपर्ने छ। छुट्टा छुट्टै पेश गर्ने बोलपत्र दातालाई मूल्यांकनमा समावेश गरिने छ। उपरोक्त कार्य गर्ने फर्महरुले दरभाउपत्र छुट्टा छुट्टै दररेट माग गरिएको हुँदा दररेट पेश गरेको फर्महरुले सोही अनुसारको इजाजत पत्र समेत पेश गर्नु पर्नेछ। सो इजाजत पेश नभएको फर्महरुलाई मूल्यांकनमा समावेश गरिने छैन र विद्युतीय बोलपत्र स्वीकृत गर्दा प्याकेजवाईज लाई मात्र स्वीकृत गरिनेछ।

☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुन्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः
चलानी नं.:
मितिः..............................

७ रीत नपुगेको विद्युतीय बोलपत्र उपर कुनै कारवाही गरिने छैन । साथै विद्युतीय बोलपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र औषधी र सर्जिकल सामाग्री बुझाउनु पर्ने छ र औषधी केही अंश अथवा सम्पूर्ण औषधीनै बुझाउन नसकेमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी ऐन, नियम बमोजिम नै कारवाही हुनेछ र यसबाट सिर्जना हुने सम्पूर्ण दायित्व बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

८ आपुर्ति हुने औषधी तथा सर्जिकल सामाग्रीको प्रत्येक बाहिर उत्पादन मिति, ब्याच नम्बर उल्लेख हुनुपर्नेछ । साथै सप्लाई हुने औषधी तथा सर्जिकल सामाग्रीको बिलसाथ ब्याच नम्बर र WHO GMP सर्टिफिकेट पेश गर्नुपर्नेछ ।

९ विद्युतीय बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ साथै यस सूचनमा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| विद्युतीय बोलपत्र नं. | विवरण | बैंक जमानत रकम | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम ( फिर्ता नहुने ) |
|---|---|---|---|---|
| स्वास्थ्य ६/०८०/०८१ | PACKAGE - A | १,२३,५००।- | १२० दिन | ३०००।- |
| स्वास्थ्य ७/०८०/०८१ | PACKAGE – B | ८८,३००।- | १२० दिन | ३०००।- |
| स्वास्थ्य ८/०८०/०८१ | PACKAGE - C | १,१९,३००।- | १२० दिन | ३०००।- |

सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटुन्जे, भक्तपुर बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत